गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र

सामाजिक विकास, युवा तथा स्वास्थ्य मन्त्रालय

एकिकृत सेवा कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

सञ्चालित उद्योग प्रवर्द्धनका लागि साझेदारीमा उद्यमीहरूलाई उपयुक्त प्रविधि हस्तान्तरणका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०७/१९

यस कार्यालयको चालू आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत उपयुक्त प्रविधि हस्तान्तरण कार्यान्वयन प्रयोजनार्थ यस कार्यालयमा दर्ता भई उद्योग सञ्चालन गरिरहेका उद्यमीहरुलाई देहायको शर्तको अधीनमा रही उद्योग विकास र प्रवर्द्धनका लागि साझेदारीमा उपयुक्त तथा आधुनिक प्रविधी खरिदमा प्रविधिको कुल मुल्यको पचास प्रतिशत रकम वा रु ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैयाँ) मध्ये जुन कम हुन्छ सोही रकम सम्मको प्रविधि (मेशिन/उपकरण/औजार) हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन इच्छुक उद्यमीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी र म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारबाही हुने छैन।

संलग्न गर्नुपर्ने कागजातहरू:

- अनुसूची-८ बमोजिमको निवेदन फाराम (कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने),
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- चालू आ.व. सम्म नवीकरण बहाल रहेको उद्योग दर्ताको प्रमाणपत्र,
- वडा कार्यालयबाट प्रविधि आवश्यक रहेको व्यवहोराको सिफारिस
- PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- गत आ.व. २०८२/०८३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- उद्यमीले तालिम लिएको भए तालिमसँग सम्बन्धित प्रमाणपत्रको प्रतिलिपि,
- उद्योगको व्यावसायिक योजना (स्कीम),
- अघिल्लो ५ (पाँच) आर्थिक वर्षमा अनुदानका लागि प्रस्ताव आह्वान गरिएको कुनै पनि कार्यालयबाट अनुदान प्राप्त नगरेको स्व-घोषणापत्र,
- अपाङ्गता भएकोमा सो खुल्ने कागजात (अपाङ्गता परिचय पत्र)को प्रतिलिपि,
- दलितको हकमा सो खुल्ने कागजात (जिल्ला प्रशासन कार्यालयको सिफारिस) को प्रतिलिपि,
- वैदेशिक रोजगारबाट फर्की व्यवसाय गरेकोको भए वैदेशिक रोजगारबाट फर्किएको प्रमाण खुल्ने कागजात,
- माग गरेको प्रविधिको स्पेशिफिकेशन र मुल्य खुलेको कोटेशन।

शर्तहरू:

- कार्यालयमा पेश हुने प्रस्तावहरूको मूल्याङ्कन तथा छनौट स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ बमोजिम हुनेछ।
- उपलब्ध गराइने प्रविधिको कुल लागतमा ५० प्रतिशत रकम स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ दफा २८ को उपदफा ३ बमोजिम हुनेछ।
- उद्यमीले अनुदान स्वरूप प्राप्त गरेको प्रविधि उद्योग सञ्चालनको उद्देश्य अनुरूप बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन। अरूलाई हक हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न पाइने छैन।
- एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई ५ वर्ष व्यतित नभई पुनः प्रविधि हस्तान्तरण गरिने छैन।

(विस्तृत जानकारीका लागि कार्यालयको फोन नं. ०७८-४१८१५१, ९८५७०८८१५१ वा ९८५७०८८१५२ मा सम्पर्क गर्नुहोला।)

२०८३/०७/१९

विक्रम सुवेदी

प्रमुख